काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २७८ ❐ सोमवार, ४ साउन, २०८३ ❐ Monday, 20 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

दुर्गममा टेलिमेडिसिन सेवाः

बिरामीको एक करोड १६ लाख रूपैयाँ बचत

❐ **चाँदनी कठायत**
सुर्खेत, ३ साउन

डोल्पाको ठूलीभेरी नगरपालिकाकी मीनकुमारी डाँगीका लागि उपचार भनेको पीडा मात्र नभएर एउटा लामो र महँगो यात्रा पनि थियो । उच्च रक्तचाप (प्रेसर) ले लामो समयदेखि थलिएकी उनलाई शरीर सुन्निने, हातखुट्टा झमझमाउने, कमजोरी हुने र नियमित फलोअप गर्नुपर्ने अवस्था थियो । तर विशेषज्ञ चिकित्सकलाई देखाउन सुर्खेत वा नेपालगञ्ज पुग्नुपर्थ्यो । त्यसका लागि दुई-तीन दिनको यात्रा, हजारौं रुपैयाँ खर्च र घरपरिवारको काम छोड्नुपर्ने बाध्यता थियो । आर्थिक अवस्था कमजोर भएकाले कहिले पैसाको अभाव, कहिले समयको अभाव । त्यसैले उनी स्वास्थ्य चौकीबाट पाइने सामान्य औषधि खाँदै रोगसँग लड्न बाध्य भइन् । तर अहिले परिस्थिति फेरिएको छ ।

मीनकुमारी अहिले जिल्ला अस्पताल डोल्पामै पुगेर भिडियो कलमार्फत सुर्खेतस्थित प्रदेश अस्पतालका विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष परामर्श लिन्छिन् । औषधि परिवर्तनदेखि नियमित फलोअपसम्म सबै सेवा आफ्नै जिल्लाबाट पाइरहेकी छन् । उपचारका लागि जिल्ला बाहिर धाउनुपर्ने बाध्यता हटेको छ भने समय र हजारौं रुपैयाँ खर्च पनि जोगिएको छ ।

मीनकुमारीजस्तै अहिले कर्णालीका दुर्गम जिल्लाका हजारौं नागरिकले आफ्नै जिल्लाबाट विशेषज्ञ स्वास्थ्य सेवा लिन थालेका छन् । भौगोलिक विकटता, यातायातको कठिन पहुँच र विशेषज्ञ चिकित्सकको अभावले दशकौंसम्म पछि परेको कर्णालीमा अहिले प्रविधिले स्वास्थ्य सेवाको नयाँ ढोका खोलिदिएको छ ।

छायाँ नेपाल र कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहकार्यमा सञ्चालन भइरहेको दुर चिकित्सा सेवा (टेलिमेडिसिन) ले अहिले कर्णालीका विकट जिल्लाका नागरिकलाई आफ्नै जिल्लाबाट विशेषज्ञ चिकित्सकसम्म पहुँच पुऱ्याइरहेको छ । यस सेवाको सबैभन्दा ठूलो उपलब्धि भने बिरामीको आर्थिक भार घट्नु हो ।

छायाँ नेपालले गरेको अध्ययनअनुसार आर्थिक वर्ष २०८२/८३ मा मात्रै टेलिमेडिसिन सेवाका कारण कर्णालीका पाँच जिल्लाका बिरामीले रेफरल अस्पतालसम्म पुग्न नपर्दा एक करोड १६ लाख ४२ हजार रुपैयाँ बराबर खर्च बचत गरेका छन् । यो रकम यातायात, खाना, बसोबास, उपचारका क्रममा हुने अन्य गैरचिकित्सकीय खर्च तथा केही प्रत्यक्ष उपचार खर्चसमेत जोडेर निकालिएको हो । कर्णालीजस्तो दुर्गम प्रदेशमा उपचारका लागि जिल्ला बाहिर जाँदा बिरामीले यति रकम खर्चिनुपर्ने बाध्यता यो तथ्यांकले देखाउँछ ।

जिल्लागत रूपमा हेर्दा सबैभन्दा धेरै हुम्लाका बिरामीले २८ लाख २५ हजार रुपैयाँ बचत गरेका छन् । त्यसपछि मुगुमा २५ लाख ३५ हजार, जाजरकोटमा २२ लाख ६२ हजार, डोल्पामा २१ लाख ७५ हजार र कालिकोटमा १८ लाख ४५ हजार रुपैयाँ बराबर खर्च जोगिएको छ ।

टेलिमेडिसिन सेवा सुरु भएपछि प्रदेश अस्पताल सुर्खेतलाई 'हब' अस्पताल बनाइएको छ । यहाँ रहेका विभिन्न विशेषज्ञ चिकित्सकले भिडियोमार्फत जिल्ला अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थामा आएका बिरामीलाई उपचार तथा परामर्श सेवा दिइरहेका छन् । केही दिन अगाडीदेखि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाका विशेषज्ञ चिकित्सकसमेत यस सेवामा आबद्ध भएका छन् । यसपछि बिरामीले थप विशेषज्ञ सेवा पाउने अपेक्षा गरिएको छ ।

छायाँ नेपालका सूचना प्रविधि अधिकृत दीपक रोकायका अनुसार हालसम्म डोल्पा, हुम्ला, जाजरकोट, कालिकोट र मुगु गरी पाँच जिल्लाका विभिन्न १५स्थानमा जडान गरिएको टेलिमेडिसिनबाट ३ हजार ६६ जना बिरामीले टेलिमेडिसिन सेवा लिइसकेका छन् ।

तथ्यांकअनुसार डोल्पाबाट ९३४, हुम्लाबाट ६५७, जाजरकोटबाट ५८६, कालिकोटबाट ५०९ र मुगुबाट ३८० जना बिरामीले सेवा लिएका छन् । स्थानीय तहमा विस्तार गरिएको सेवाअन्तर्गत खार्पुनाथ सामुदायिक अस्पताल, पहाडा स्वास्थ्य चौकी, भर्ता स्वास्थ्य चौकी, रतापानी आधारभूत अस्पताल तथा जगतिपुर स्वास्थ्य चौकीबाट थप ९९ जनाले सेवा लिइसकेका छन् ।

सेवा लिनेमध्ये पुरुष १ हजार ५६० र महिला १ हजार ५०६ जना छन् । कुल बिरामीमध्ये १ हजार २३१ जनाले फलोअप सेवा लिएका छन् भने १ हजार ८३५ जना नयाँ बिरामी रहेका छन् । यसले एकपटक मात्रै होइन, नियमित उपचार र निगरानीका लागि समेत टेलिमेडिसिन प्रभावकारी बनेको देखाउँछ ।

रोगका आधारमा हेर्दा छाला रोगका बिरामी सबैभन्दा धेरै छन् । छाला रोगका मात्रै १ हजार १०८ जनाले विशेषज्ञ सेवा लिएका छन् । त्यसपछि मानसिक स्वास्थ्यका ४५७, जनरल मेडिसिनका ३२६, हाडजोर्नीका ३००, बालरोगका २३५, आँखा १९४, कान-नाक-घाँटी १३६, दाँत ११६, स्त्रीरोग १०७ तथा शल्य चिकित्सासम्बन्धी ८७ जना बिरामीले सेवा लिएको अधिकृत रोकायले जानकारी दिए ।

छाला र मानसिक स्वास्थ्यका बिरामीको संख्या सबैभन्दा धेरै हुनु आफैमा कर्णालीको स्वास्थ्य अवस्थाको संकेत पनि हो । विशेषज्ञ चिकित्सकको अभावका कारण विगतमा यस्ता बिरामीले सामान्य समस्याका लागि पनि जिल्ला बाहिर धाउनुपर्ने अवस्था थियो । अहिले भने उनीहरु आफ्नै जिल्लाबाट विशेषज्ञसँग जोडिन पाउँदा खुसी लागेको मुगुकी अमृता हमालले बताइन् ।

जिल्ला अस्पताल डोल्पाका चिकित्सा शाखा प्रमुख मेडिकल अधिकृत डा. अखण्ड उपाध्याय भन्छन्, 'पहिला विशेषज्ञ सेवा उपलब्ध नहुँदा सामान्य जटिल केससमेत सुर्खेत वा नेपालगञ्ज रेफर गर्नुपर्थ्यो, बिरामीले धेरै पैसा खर्च गरेर यात्रा गर्नुपर्थ्यो तर अहिले भिडियोमार्फत विशेषज्ञ चिकित्सकसँग तत्काल परामर्श गरेर

बाँकी पृष्ठ २



टेलिमेडिसिन सञ्चालन गर्ने तरिका, बिरामीको रेकर्डलगायत विषयमा फोकल पर्सनलाई सिकाउँदै छायाँ नेपालका सुचना प्रविधि अधिकृत दिपक रोकाय ।





कर्णाली विभिन्न जिल्लाका बिरामीले सुर्खेतस्थित प्रदेश अस्पतालका विशेषज्ञ चिकित्सकसँग भिडियो मार्फत परामर्श लिँदै ।

गत आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने घटे

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ३ साउन

गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै नेपालबाट करिब ८ लाख नेपाली वैदेशिक रोजगारीका लागि विभिन्न देश पुगेका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार कुल ७ लाख ९२ हजार १८७ जनाले श्रम स्वीकृति (नयाँ र पुनः) लिएका थिए, जसमा ६ लाख ९७ हजार ९६ जना पुरुष र बाँकी महिला छन् अर्थात् २०८१/८२ को तुलनामा गत आर्थिक वर्ष बिदेसिनेको संख्या ४७ हजार ७९ ले कमी आएको आएको देखिएको छ । २०८१/८२ मा विभागबाट ८ लाख ३९ हजार २ सय ६६ जनाले श्रम स्वीकृति लिएका थिए ।



विभागको तथ्यांकअनुसार म्यानपावरमार्फत वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको हो । गत वर्ष म्यानपावरहरूले २ लाख ६८ हजार ९ सय ९० जनालाई वैदेशिक रोजगारीमा पठाएका थिए भने १ लाख २८ हजार ५ सय २० जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएका थिए । गत वर्ष जी-टु-जीमार्फत ८ हजार १ सय ९७ जना गएका थिए ।

म्यानपावरहरूले अघिल्लो आर्थिक वर्ष ३ लाख ५९ हजार ६ सय ७५ जनालाई वैदेशिक रोगजारीमा पठाएका थिए, जुन गत आर्थिक वर्षको तुलनामा ९० हजार ६ सय ८५ ले कमी हो ।

बिदेसिने कुल संख्यामध्ये पुरुषको संख्या ६ लाख ९७ हजार ९६ (८८ प्रतिशत) छ भने महिलाको संख्या ९५ हजार ९१ (१२.०१ प्रतिशत) छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्यामा पनि वृद्धि भइरहेको विभागको तथ्यांकले देखाउँछ ।

सचेत उपभोक्ता बनौं

- सामान खरिद गर्दा देहायका बिषय एकिन गरौंः
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

गुणस्तरीय रूपमा आयोजना सम्पन्न होस्

वीरेन्द्रनगरको खानेपानी समस्या कुनै नयाँ विषय होइन । दशकौंदेखि यहाँका नागरिकले खानेपानी अभाव, अनियमित वितरण र भूमिगत पानीमा निर्भर जीवन बिताइरहेका छन् । प्रदेश राजधानी बनेपछि बढ्दो जनसंख्या र तीव्र सहरीकरणले यो समस्या झनै जटिल बनाएको छ । यस्तो अवस्थामा भेरी लिफ्ट खानेपानी आयोजना केवल एउटा विकास आयोजना होइन वीरेन्द्रनगरको भविष्यसँग जोडिएको दीर्घकालीन समाधान हो । भेरी नदीको पानी लिफ्ट प्रविधिबाट उपत्यकामा ल्याउने यो आयोजना समयमै सम्पन्न भए सन् २०५० सम्मको खानेपानी आवश्यकतालाई सम्बोधन गर्न सक्ने विश्वास गरिएको छ । संघ प्रदेश र स्थानीय सरकारको संयुक्त लगानी, विश्व बैंकको सहयोग तथा हालसम्म भएको भौतिक प्रगतिले आयोजना सही दिशामा अघि बढिरहेको संकेत गरेको छ। तर नेपालमा धेरै महत्त्वाकांक्षी आयोजना समयमै सम्पन्न हुन नसकेको विगत पनि बिर्सन मिल्दैन । त्यसैले अब सबैभन्दा ठूलो चुनौती निर्माणको गति कायम राख्नु गुणस्तर सुनिश्चित गर्नु र तोकिएको समयमै आयोजना सम्पन्न गर्नु हो। बजेट अभाव, प्रशासनिक ढिलाइ वा समन्वयको कमजोरीका कारण आयोजना प्रभावित हुनु हुँदैन । यसमा राजनीतिक नेतृत्व, निर्माण कम्पनी र सम्बन्धित निकाय सबै समान रूपमा जिम्मेवार हुनुपर्छ । भेरी लिफ्ट आयोजना सफल हुनु भनेको केवल घर-घरमा धारा पुग्नु मात्र होइन, वीरेन्द्रनगरको स्वास्थ्य, वातावरण, आर्थिक गतिविधि र समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन आउनु पनि हो ।

त्यसैले यो आयोजनालाई राजनीतिक उपलब्धिभन्दा माथि उठाएर जनताको आधारभूत अधिकारसँग जोडिएको राष्ट्रिय प्राथमिकताको परियोजनाका रूपमा हेर्न आवश्यक छ । अब नागरिकको अपेक्षा एउटै छ, घोषणा होइन, परिणाम निर्धारित समयमै गुणस्तरीय रूपमा आयोजना सम्पन्न गरी वीरेन्द्रनगरवासीलाई स्वच्छ, सुरक्षित र दिगो खानेपानी उपलब्ध गराउनु नै सबै तहका सरकारको वास्तविक परीक्षा हुनेछ ।

साझा देश, असमान अनुभूति



✍ रोशन देव

नेपाललाई हेर्ने दुईवटा दृष्टि छन् । एउटा दृष्टिले हिमाल, पहाड र तराई मिलेर बनेको सुन्दर भूगोल देख्छ । अर्को दृष्टिले त्यही भूगोलभित्र लुकेका असमानता, अविश्वास र ऐतिहासिक पीडाका तहहरू देख्छ ।

पहिलो दृष्टि नक्साको हो, दोस्रो दृष्टि समाजको । नक्साले नेपाललाई एक देखाउँछ, तर समाजका अनुभवहरूले कहिलेकाहीं प्रश्न गर्छन् के हामी साँच्चिकै एउटै अनुभूतिको नेपालमा बाँचेका छौं ?

नेपालको सबैभन्दा ठूलो समस्या भूगोलको दूरी होइन, मानसिक दूरी हो । जनकपुर, विराटनगर वा वीरगञ्जबाट काठमाडौं पुग्न केही घण्टा लाग्छ, तर कतिपय नागरिकको अनुभवमा राज्यसम्म पुग्ने दूरी अझै धेरै लामो छ । सिंहदरबारको भवन सबै नेपालीको नाममा बनेको छ, तर त्यहाँ आफ्नो आवाज पुग्छ भन्ने विश्वास सबै नागरिकमा समान छैन । यही अनुभूतिको दूरीले मधेश, पहाड र काठमाडौंबीचको सम्बन्धलाई बारम्बार प्रश्नको कठघरामा उभ्याउँछ ।

नेपालको इतिहास हेर्दा राज्य निर्माणको प्रक्रिया सधैं समान सहभागितामा आधारित थिएन । आधुनिक नेपालको निर्माणसँगै एउटा निश्चित भाषा, संस्कृति र सामाजिक संरचनाले राज्यको चरित्र निर्धारण गऱ्यो । त्यसको परिणामस्वरूप केही समुदायले राज्यलाई आफ्नो स्वाभाविक घरका रूपमा महसुस गरे भने केही समुदायले राज्यभित्र आफ्नो स्थान खोज्न संघर्ष गर्नुपऱ्यो ।

मधेशको प्रश्न यही ऐतिहासिक अनुभवबाट जन्मिएको हो । मधेश कुनै बाहिरी भूभाग होइन, नेपालको निर्माण प्रक्रियाको अभिन्न हिस्सा हो । नेपालको अर्थतन्त्र, कृषि, व्यापार र श्रममा मधेशको योगदान गहिरो छ । तर योगदान र सम्मानबीच सधैं समान सम्बन्ध देखिएन । धेरै मधेशी नागरिकको गुनासो यही रह्यो हामी देशको हिस्सा त हौं, तर राज्यको समान हिस्सा बन्न किन यति लामो संघर्ष गर्नुपऱ्यो ?

कुनै पनि समाजमा जब एउटा समूहले आफ्नो पहिचान, भाषा, संस्कृति र प्रतिनिधित्वको प्रश्न उठाउँछ, त्यसलाई केवल राजनीतिक माग भनेर बुझ्नु पर्याप्त हुँदैन । त्यसको पछाडि वर्षौंको सामाजिक अनुभव हुन्छ । मानिस केवल सडक, भवन र प्रशासनबाट राज्यसँग जोडिँदैन; ऊ सम्मान, अवसर र आत्मसम्मानबाट राज्यसँग जोडिन्छ ।

मधेश आन्दोलनलाई पनि यही दृष्टिबाट बुझ्न आवश्यक छ । आन्दोलनका सबै पक्षमाथि बहस हुन सक्छ, नेतृत्वका कमजोरीमाथि प्रश्न उठाउन सकिन्छ, तर त्यसले उठाएको मूल प्रश्नलाई बेवास्ता गर्न सकिँदैन के नेपालका सबै नागरिकले समान अवसर र समान सम्मान पाएका छन्?

तर नेपालभित्रको असमानताको कथा केवल मधेशको मात्र होइन । पहाडका दुर्गम गाउँहरूमा बस्ने नागरिकको पीडा पनि उत्तिकै वास्तविक छ ।

कर्णाली, सुदूरपश्चिम वा पहाडी क्षेत्रका धेरै नागरिकले पनि दशकौंसम्म राज्यको उपेक्षा महसुस गरेका छन् । उनीहरूका लागि पनि काठमाडौं टाढाको शक्ति केन्द्र हो । अस्पताल, गुणस्तरीय शिक्षा, रोजगारी र पूर्वाधारको अभावले उनीहरूलाई पनि विदेश वा शहरतिर धकेलेको छ ।

यस अर्थमा नेपालको वास्तविक विभाजन केवल मधेश र पहाडबीच छैन । वास्तविक विभाजन केन्द्र र किनाराबीच छ । जहाँ शक्ति, अवसर र स्रोत केन्द्रित हुन्छन् र जहाँ नागरिकले आफ्नो भागको विकास पर्खिरहनु पर्छ ।

काठमाडौं नेपालको राजधानी हो । राजधानी हुनु आफैंमा समस्या होइन । समस्या तब हुन्छ जब राजधानी एउटा मानसिकता बन्छ जहाँबाट बाहिर हेर्दा देशका अन्य भागहरू केवल विकासका विषय, चुनावका क्षेत्र वा तथ्यांकका अंकजस्तो देखिन्छन् । जब काठमाडौंले आफूलाई सम्पूर्ण नेपालको प्रतिनिधि ठान्छ तर नेपालको विविध अनुभवलाई सुन्न बिर्सन्छ, त्यहींबाट दूरी बढ्छ ।

नेपालको समस्या धेरैपटक संरचनाभन्दा बढी सोचको समस्या बनेको छ । हामीले संविधान परिवर्तन गऱ्यौं, व्यवस्था परिवर्तन गऱ्यौं, तर समाजभित्रका धेरै पुराना मानसिकता अझै बाँकी छन् । एउटा समुदायको भाषा सुन्दा असहज हुने, अर्को समुदायको संस्कृतिलाई कम महत्व दिने, फरक पहिचानलाई शंकाको दृष्टिले हेर्ने प्रवृत्ति अझै पूर्ण रूपमा समाप्त भएको छैन ।

राष्ट्रवादको अर्थ पनि हामीले पुनर्विचार गर्नुपर्ने समय आएको छ । के राष्ट्रवाद भनेको सबैलाई एउटै बनाउनु हो ? के एउटै भाषा, एउटै पोशाक वा एउटै सांस्कृतिक ढाँचालाई मात्र राष्ट्रियताको प्रमाण मान्न सकिन्छ? यदि त्यसो हो भने विविधताले भरिएको संसारका अधिकांश राष्ट्र कमजोर हुनुपर्ने थियो ।

वास्तविक राष्ट्रवाद भनेको विविधतालाई सम्मान गर्ने क्षमता हो । एउटै बगैंचामा धेरै रंगका फूलहरू फुलेका हुन्छन् । फूलको सुन्दरता उसको रंग मेटेर होइन, उसको आफ्नै रंग स्वीकार गरेर देखिन्छ । नेपाल पनि त्यस्तै हो । मधेशको भाषा, पहाडको संस्कृति र हिमालको जीवनशैली सबै मिलेर नेपालको पहिचान बनाउँछन् । तर पहिचानको बहसमाँगै अर्को सत्य पनि स्वीकार गर्नुपर्छ । अधिकारसँग जिम्मेवारी पनि जोडिन्छ । राज्यले समान अवसर दिनुपर्छ, तर नागरिकले पनि कानुन र सामाजिक अनुशासन पालना गर्नुपर्छ । परिवर्तन केवल सरकार बदलिँदा आउँदैन; समाजको व्यवहार बदलिँदा आउँछ ।

हामीले सडकमा फोहोर फाल्ने, सार्वजनिक सम्पत्ति दुरुपयोग गर्ने, भ्रष्टाचारलाई सामान्य मान्ने संस्कार परिवर्तन गर्नुपर्छ । लोकतन्त्र केवल अधिकार माग्ने व्यवस्था होइन, जिम्मेवार नागरिक बनाउने प्रक्रिया पनि हो ।

संघीयता नेपालको एउटा महत्वपूर्ण राजनीतिक प्रयोग हो । यसको उद्देश्य केवल प्रदेश सरकार बनाउनु थिएन । यसको मूल भावना शक्ति जनताको नजिक पुऱ्याउनु थियो । तर संघीयताको सफलता कति वटा कार्यालय बने भन्ने कुराले होइन, सामान्य नागरिकको जीवनमा कति परिवर्तन आयो भन्ने कुराले निर्धारण गर्छ ।

यदि एउटा किसान अझै बजार खोज्दै भौतारिन्छ, यदि एउटा विद्यार्थी गुणस्तरीय शिक्षाका लागि राजधानी धाउन बाध्य छ, यदि एउटा बिरामी उपचारका लागि घर छोड्न बाध्य छ भने संघीयताको आत्मामाथि प्रश्न उठ्छ ।

नेपाललाई अब नयाँ प्रकारको संवाद आवश्यक छ । मधेशले पहाडलाई दोष दिएर मात्र समाधान भेट्दैन । पहाडले मधेशका प्रश्नलाई अस्वीकार गरेर पनि समाधान भेट्दैन । काठमाडौंले आफूलाई केन्द्र होइन, समन्वयकर्ता ठान्नुपर्छ ।

इतिहासको पीडालाई स्वीकार गर्नु विभाजन होइन । बरु स्वीकार नगर्नु नै भविष्यको विभाजनको बीउ हो । कुनै समुदायले विगतमा अन्याय महसुस गरेको छ भने त्यसलाई सुन्नुपर्छ । कुनै समुदायले आफूलाई उपेक्षित महसुस गरेको छ भने त्यसलाई सम्मानपूर्वक सम्बोधन गर्नुपर्छ ।

नेपालको भविष्य साझा पीडाको पहिचान र साझा सपनाको निर्माणमा निर्भर छ । हामीले यस्तो नेपाल बनाउनु छ जहाँ एउटा मधेशी नागरिकले आफ्नो पहिचान लुकाएर होइन, गर्वका साथ नेपाली भएर बाँच्न सकोस् । जहाँ एउटा पहाडी नागरिकले पनि राज्य आफ्नो हो भन्ने अनुभूति गरोस् । जहाँ हिमाली क्षेत्रको नागरिकले पनि आफू राजधानीबाट टाढा होइन, राज्यको केन्द्रमा रहेको महसुस गरोस् ।

अन्ततः समस्या मधेश, पहाड वा काठमाडौं होइन । समस्या त्यो सोच हो जसले अरूलाई आफूभन्दा फरक देख्छ । समस्या त्यो मानसिकता हो जसले अधिकारलाई दया ठान्छ र समानतालाई बोझ ठान्छ ।

नेपालको दूरी भूगोलले बनाएको होइन । यो दूरी हाम्रो सोच, व्यवहार र इतिहाससँग सामना गर्न नसक्ने कमजोरीले बनाएको हो । तर यही दूरी घटाउने शक्ति पनि हामीभित्रै छ ।

जब हामीले स्वीकार गर्नेछौं कि नेपाल कुनै एउटा समुदायको सम्पत्ति होइन, सबै नागरिकको साझा घर हो, त्यही दिनदेखि वास्तविक राष्ट्रिय एकताको यात्रा सुरु हुनेछ ।

नेपाललाई जोड्ने बाटो एउटै छ सम्मान, समानता र सहअस्तित्वको बाटो ।

बिरामीको...

यहीं उपचार गर्न सकिरहेका छौं ।'

विशेषगरी छाला, हाडजोर्नी, मानसिक स्वास्थ्य र दीर्घरोगका बिरामीले धेरै लाभ लिएको उनले बताए । चिकित्सकले पनि जटिल बिरामीका विषयमा विशेषज्ञसँग तत्काल छलफल गर्न पाउँदा उपचारको गुणस्तर बढेको उनको भनाइ छ । उनका अनुसार कतिपय बिरामीलाई अनावश्यक रूपमा रेफर गर्नुपर्ने अवस्था हटेको छ भने उपचार निर्णय पनि छिटो हुन थालेको छ ।

स्वास्थ्य सेवा कार्यालय जाजरकोटका मेडिकल अधिकृत डा. कृष्ण घिमिरेका अनुसार एक वर्षअघि सुरु गरिएको टेलिमेडिसिन सेवाले विशेषगरी दुर्गम गाउँबाट आउने बिरामीलाई ठूलो राहत दिएको छ । विगतमा विशेषज्ञ चिकित्सकको परामर्श आवश्यक पर्ने अधिकांश बिरामीलाई सुर्खेत वा नेपालगञ्ज रेफर गर्नुपर्ने अवस्था थियो । तर अहिले भिडियोमार्फत विशेषज्ञ चिकित्सकसँग प्रत्यक्ष परामर्श गरेर धेरै बिरामीलाई जिल्लामै उपचार गर्न सकिएको छ ।

'हामीले बिरामीलाई विशेषज्ञ चिकित्सकसँग भिडियोमार्फत जोडिदिन्छौं,' उनले भने, ' आवश्यक परीक्षणको रिपोर्ट, भिडियो र अन्य विवरण पठाएर तत्काल परामर्श लिन्छौं, त्यसपछि धेरै बिरामीलाई यहीं उपचार गर्न सकिन्छ । यसले बिरामीलाई टाढा जानुपर्ने बाध्यता हटेको छ ।'

टेलिमेडिसिन सेवा सञ्चालनमा छायाँ नेपालले प्रत्येक स्वास्थ्य संस्थामा टेलिमेडिसिन फोकल पर्सन तोकेको छ । उनीहरूलाई नियमित रुपमा प्राविधिक तालिम, सफ्टवेयर सञ्चालन, भिडियो परामर्श व्यवस्थापन तथा समस्या समाधानसम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिँदै आएको छ । प्रदेश अस्पताल सुर्खेतमा रहेको विशेषज्ञ चिकित्सकको टोलीले निर्धारित तालिकाअनुसार सेवा दिइरहेको छ । योसँग अब कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाका विशेषज्ञ चिकित्सकसमेत यस सेवामा आबद्ध हुने भएका छन् ।

प्रदेशको सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखा प्रमुख वृषबहादुर शाहीले टेलिमेडिसिन कर्णाली सरकारको प्राथमिकतामा रहेको कार्यक्रम भएको बताए । उनका अनुसार प्रदेश सरकारले सेवा सञ्चालनका लागि बजेट विनियोजन गरी कार्यविधिसमेत बनाएको भए पनि आवश्यक प्राविधिक जनशक्ति, सूचना प्रविधिको व्यवस्थापन, तालिम र नियमित समन्वयको अभावका कारण सेवा अपेक्षाअनुसार प्रभावकारी बन्न सकेको थिएन ।

'कर्णाली सरकारले दुर्गम नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले टेलिमेडिसिन कार्यक्रम सुरु गरेको हो,' उनले भने, 'बजेट पनि विनियोजन गरिएको थियो ।

तर भौगोलिक विकटता, प्राविधिक जनशक्तिको कमी र सञ्चालन व्यवस्थापनमा चुनौती हुँदा कार्यक्रमले अपेक्षित गति लिन सकेन । अहिले छायाँ नेपालले मन्त्रालयसँग सहकार्य गरेर यसलाई नयाँ ढंगले अघि बढाएको छ ।'

शाहीका अनुसार टेलिमेडिसिनले स्वास्थ्य सेवामा रहेको असमानता कम गर्न महत्वपूर्ण भूमिका खेलेको छ । 'दुर्गम जिल्लाका नागरिकले विशेषज्ञ चिकित्सक भेट्न दुई-तीन दिन यात्रा गर्नुपर्ने अवस्था धेरै हदसम्म अन्त्य भएको छ,' उनले भने, 'उपचारका लागि हुने आर्थिक भार पनि घटेको छ । आगामी दिनमा प्रदेश सरकारले यसलाई अझ संस्थागत र दिगो बनाउँदै सबै जिल्ला तथा स्थानीय तहसम्म विस्तार गर्ने लक्ष्य लिएको छ ।'

छायाँ नेपालका प्रदेश प्रवन्धक मीनबहादुर रावलले कर्णालीको भौगोलिक बनावटका कारण टेलिमेडिसिनजस्तो सेवा अत्यन्त प्रभावकारी भएको बताए । उनका अनुसार दुर्गम गाउँका नागरिकलाई विशेषज्ञ चिकित्सकसम्म पहुँच पुऱ्याउने सबैभन्दा सहज माध्यम नै टेलिमेडिसिन बनेको छ । 'कर्णालीमा बिरामीभन्दा अस्पताल टाढा छन्, अस्पतालभन्दा विशेषज्ञ चिकित्सक अझ टाढा छन्' उनले भने, 'यही दूरी कम गर्न हामीले प्रदेश सरकारसँग सहकार्य गरेर टेलिमेडिसिन विस्तार गरेका हौं । अहिले हजारौं बिरामीले आफ्नै जिल्लाबाट विशेषज्ञ सेवा लिइरहेका छन् । रेफरल अस्पतालसम्म पुग्नुपर्ने अवस्था घटेको छ । समय र खर्च दुवै बचत भएको छ ।'

आगामी दिनमा थप जिल्ला अस्पताल, पालिका अस्पताल र स्वास्थ्य चौकीसम्म सेवा विस्तार गर्ने योजना रहेको उनले सुनाए । रावलका अनुसार टेलिमेडिसिन सेवा प्रभावकारी बनाउन नियमित प्राविधिक सहयोग,सफ्टवेयरअद्यावधिक, उपकरण व्यवस्थापन, अनुगमन तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

प्रदेश अस्पताल सुर्खेतपछि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पनि हब अस्पतालका रुपमा जोडिएको छ ।

टेलिमेडिसिन सेवा सञ्चालनमा केही चुनौती भने अझै बाँकी छन् । विशेषगरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा इन्टरनेट सेवा अवरुद्ध हुने, बारम्बार विद्युत् अवरुद्ध हुने, केही स्थानमा आवश्यक उपकरणको मर्मत तथा व्यवस्थापनमा समस्या हुने र विशेषज्ञ चिकित्सकको नियमित समय व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको टेलिमेडिसिन फोकल पर्सनहरूले बताएका छन् । कतिपय स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको अभावले पनि सेवा प्रभावित हुने गरेको उनीहरुको अनुभव छ ।

छायाँ नेपालले भने ती समस्या समाधानका लागि ब्याकअप पावर प्रणाली जडान, नियमित प्राविधिक सहयोग, सफ्टवेयर अपडेट, पुनर्ताजगी तालिम तथा अनुगमनलाई निरन्तरता दिएको जनाएको छ ।

स्थानीय सरकार र स्वास्थ्य संस्थाको स्वामित्व बढाउँदै लैजान सके सेवा अझ दिगो हुने विश्वास छायाँ नेपालले लिएको छ ।

प्रविधिमैत्री बन्दै सामुदायिक विद्यालय



❐ काँक्रेविहार संवाददाता

हुम्ला, ३ साउन

जिल्लाको सर्केगाड गाउँपालिकाले सामुदायिक विद्यालयलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यसहित डिजिटल शिक्षा अभियान सुरु गरेको छ।

शिक्षण प्रणालीलाई समयानुकूल बनाउँदै विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यका साथ गाउँपालिकाले विभिन्न सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सामग्री विद्यालयमा हस्तान्तरण गरेको हो।

'प्रविधिमैत्री भौतिक पूर्वाधारको माध्यमबाट शिक्षाको गुणस्तर अभिवृद्धि' कार्यक्रम अन्तर्गत गाउँपालिकाले २५ थान स्मार्ट बोर्ड, प्रत्येक विद्यालयका लागि चार/चार वटा सिसिटिभी क्यामरा, ई-हाजिरी प्रणाली, प्रोजेक्टर तथा अन्य आवश्यक आईसीटी सामग्री वितरण गरेको जनाएको छ। यी उपकरणले विद्यालयको शिक्षण-सिकाइ प्रक्रिया थप प्रभावकारी र आकर्षक बन्ने अपेक्षा गरिएको छ।

गाउँपालिकाका अध्यक्ष ठानबहादुर रोकायाले कार्यक्रमको उद्देश्य उपकरण वितरणमा मात्र सीमित नभई विद्यालयलाई आधुनिक सिकाइ केन्द्रका रूपमा विकास गर्नु रहेको बताए। उनका अनुसार डिजिटल प्रविधिको प्रयोगले विद्यार्थीलाई सहज, सिर्जनात्मक र सहभागितामूलक सिकाइ वातावरण उपलब्ध हुनेछ।

स्मार्ट बोर्डमार्फत शिक्षकले भिडियो, चित्र, एनिमेसन, प्रस्तुतीकरण तथा अन्य श्रव्यदृश्य सामग्री प्रयोग गरेर पाठ अध्यापन गर्न सक्नेछन्। यसबाट कठिन विषयवस्तु पनि विद्यार्थीले सहज रूपमा बुझ्न सक्ने विश्वास गरिएको छ। साथै, प्रोजेक्टर र अन्य डिजिटल सामग्रीले कक्षाकोठालाई थप अन्तरक्रियात्मक बनाउने अपेक्षा गरिएको छ।

विद्यालयमा जडान गरिने ई-हाजिरी प्रणालीले शिक्षक तथा कर्मचारीको उपस्थितिलाई डिजिटल रूपमा अभिलेख राख्नेछ। यसले विद्यालय प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ। त्यस्तै, सिसिटिभी क्यामराले विद्यालय परिसरको सुरक्षा सुदृढ गर्नुका साथै विद्यार्थीको अनुशासन कायम राख्न र विद्यालयको सम्पत्तिको संरक्षण गर्न सहयोग पुऱ्याउनेछ।

दुर्गम जिल्लाका सामुदायिक विद्यालयमा डिजिटल प्रविधिको विस्तारले ग्रामीण शिक्षामा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

स्थानीयवासीले पनि गाउँपालिकाको यस पहलले विद्यार्थीलाई आधुनिक शिक्षासँग जोड्दै भविष्यका लागि आवश्यक सीप विकास गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन्।

महालेखाले औंल्यायो सिँजाको एक करोड बढी बेरुजु

❐ काँक्रेविहार संवाददाता

जुम्ला, ३ साउन

महालेखा परीक्षकको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनले जुम्लाको सिँजा गाउँपालिकामा वित्तीय अनुशासन र सार्वजनिक खर्च व्यवस्थापनमा गम्भीर कमजोरी देखाएको छ।

प्रतिवेदन अनुसार गाउँपालिकामा एक करोड एक लाख ५९ हजार आठ सय ६२ रुपैयाँ अनियमितता भएको छ। साथै २७ लाख ३२ हजार नौ सय २१ रुपैयाँ असुल गर्नुपर्ने र २२ लाख ८७ हजार नौ सय ९४ रुपैयाँ बराबरको खर्च पुष्टि गर्ने आवश्यक कागजात पेश नभएको उल्लेख गरिएको छ।



प्रतिवेदनमा प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाहीबाट ३६ हजार दुई सय ८० रुपैयाँ तथा अन्य कर्मचारी र सम्बन्धित व्यक्तिबाट समेत गरी कुल ८७ हजार दुई सय ९० रुपैयाँ असुल गरी राजस्व दाखिला गरिएको जनाइएको छ।

महालेखाले गाउँपालिकाको आतिथ्य तथा प्रशासनिक खर्चमा पनि प्रश्न उठाएको छ। कर्मचारी तथा जनप्रतिनिधिको खाना, नास्ता र बसोबासका लागि विभिन्न मितिमा तीन लाख ९९ हजार रुपैयाँ खर्च गरिएको तथा गाउँपालिका अध्यक्षको सरकारी निवासमा आएका अतिथिको भोजन व्यवस्थापनमा ५४ हजार रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, केदारनाथ महोत्सव सञ्चालनका क्रममा चार लाख ४५ हजार ९६६ रुपैयाँ खर्चको पर्याप्त प्रमाण नपुगेकाले उक्त रकमलाई अनियमिततामा समावेश गरिएको छ।

अध्यक्षको सवारी भाडा, विविध खर्च, स्वयंसेवक शिक्षकको तलब, सोभ्रै खरिद र घरभाडा भुक्तानीलगायत शीर्षकमा गरिएको खर्चमध्ये ६६ लाख सात हजार दुई सय ३३ रुपैयाँमा समेत कैफियत औंल्याइएको छ।

सार्वजनिक खरिद ऐन र आर्थिक कार्यविधिसम्बन्धी कानुनी व्यवस्था पूर्ण रूपमा पालना नभएको तथा आवश्यक कागजात अपुग रहेको महालेखाको निष्कर्ष छ। प्रतिवेदनमा न्यु जिपी ट्रेडर्सबाट खरिद गरिएका तीन लाख ३२ हजार छ सय ४० रुपैयाँ बराबरका सामग्री वितरण भएको पुष्टि गर्ने कागजात पेश नभएकाले उक्त रकम असुल गर्नुपर्ने उल्लेख गरिएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाहीले महालेखा परीक्षकको प्रतिवेदनलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्दै बेरुजु फछ्र्योट तथा आर्थिक अनुशासन सुदृढ गर्न आवश्यक सुधारका कदम चालिने बताए।

महालेखाले देखायो चौकुनेको इन्धन खर्चमा ६३ लाख



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३, साउन

जिल्लाको चौकुने गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा इन्धन खर्चका लागि स्पष्ट मापदण्ड नबनाई ६३ लाख १९ हजार तिन सय ६३ रुपैयाँ २५ पैसा खर्च गरेको पाइएको छ।

महालेखा परीक्षकको प्रतिवेदनले इन्धन खर्चमा पारदर्शिता, अभिलेखीकरण र जवाफदेहिताको अभाव रहेको औंल्याएको हो।

प्रतिवेदनअनुसार गाउँपालिकासँग दुई वटा लोडर, दुई वटा टिपर, एक वटा एक्साभेटर, तिन वटा एम्बुलेन्स, एक वटा चारपाङ्रे सवारीसाधन र ३४ वटा मोटरसाइकल सञ्चालनमा छन्। ती सवारीसाधनका लागि कार्य सञ्चालन निर्देशिका, २०८१ अनुसार इन्धन खर्च शीर्षकमा ६८ लाख ६५ हजार रुपैयाँ बजेट विनियोजन गरिएको थियो। सोही शीर्षकबाट आर्थिक वर्षभरि ६३ लाख १९ हजार तिन सय ६३ रुपैयाँ २५ पैसा खर्च भएको देखिएको छ। तर, गाउँपालिकाले पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराइने इन्धनको स्पष्ट मापदण्ड तयार नगरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

इन्धन वितरण र खर्च कुन आधारमा गरिएको हो भन्ने स्पष्ट नदेखिएकाले खर्च प्रक्रिया पारदर्शी नभएको निष्कर्ष प्रतिवेदनले निकालेको छ। प्रतिवेदनले सवारीसाधन सञ्चालनसँग सम्बन्धित अभिलेख व्यवस्थापनमा पनि कमजोरी देखाएको छ।

कानुनी व्यवस्थाअनुसार प्रत्येक सवारीसाधनको लगबुक नियमित रूपमा राखी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गराउनुपर्ने व्यवस्था भए पनि गाउँपालिकाले त्यसको पूर्ण पालना नगरेको पाइएको छ।

लगबुक नियमित रूपमा अद्यावधिक नगरिनुका साथै इन्धन प्रयोगको व्यवस्थित अभिलेखसमेत नराखिएकाले वास्तविक इन्धन खपत र खर्चको यथार्थ पुष्टि गर्न कठिन भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

महालेखा परीक्षकले इन्धन खर्चलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउन स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्न, प्रत्येक सवारीसाधनको लगबुक नियमित रूपमा अद्यावधिक गर्न तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्न गाउँपालिकालाई सुझाव दिएको छ।

एक महिनामा नौ जनाले गरे आत्महत्या



❐ काँक्रेविहार संवाददाता

सल्यान, ३, साउन

असार महिनाभर आत्महत्या, सवारी दुर्घटना र विभिन्न आपराधिक घटनाले जिल्लाको शान्ति-सुरक्षाको अवस्थाप्रति चिन्ता बढाएको छ।

जिल्ला प्रहरी कार्यालय सल्यानको मासिक विवरणअनुसार एक महिनामा नौ जनाले आत्महत्या गरेका छन् भने १० वटा सवारी दुर्घटनामा तीन जनाको मृत्यु र १० जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक देवराज भट्टराईका अनुसार असार महिनामा विभिन्न प्रकृतिका २१ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये छ वटा जघन्य तथा गम्भीर अपराध, एउटा आर्थिक अपराध, दुई वटा सामाजिक अपराध र १२ वटा अन्य प्रकृतिका मुद्दा रहेका छन्। सोही अवधिमा अधिल्लो महिनादेखिका समेत गरी २६ वटा मुद्दा फछ्र्योट गरिएको छ।

प्रहरीका अनुसार आत्महत्या गर्नेमध्ये सात जनाले झुन्डिएर र दुई जनाले विष सेवन गरेर ज्यान गुमाएका छन्।

मानसिक तनाव, पारिवारिक विवाद, आर्थिक समस्या तथा अन्य सामाजिक कारणले आत्महत्याका घटना बढ्दै गएको भन्दै समुदायस्तरमै मनोसामाजिक परामर्श र सचेतना कार्यक्रम प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

असार महिनामा ट्राफिक नियम उल्लङ्घन गर्ने चार सय ५५ सवारी साधनलाई कारबाही गरिएको प्रहरीले जनाएको छ। कारबाहीबाट चार लाख पाँच सय रुपैयाँ राजस्व संकलन भएको छ।

नियमित सवारी जाँच र चालकलाई सचेत गराउने अभियानलाई निरन्तरता दिइएको प्रहरीको भनाइ छ। यस अवधिमा विभिन्न मुद्दाका २८ जनालाई पक्राउ गरिएको छ।

अदालतबाट सजाय सुनाइएर फरार रहेका ११ प्रतिवादीलाई पक्राउ गरी छ वर्ष एक महिना कैद सजाय कार्यान्वयन गर्नुका साथै ९७ हजार छ सय रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

जबरजस्ती करणी र करणी उद्योगसम्बन्धी घटनाका आरोपितविरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको छ। प्रहरीका अनुसार असार महिनामा हराएका १० जना सकुशल फेला परेका छन् भने घरेलु हिंसाका तीनवटै उजुरी मेलमिलाप मार्फत टुङ्ग्याइएको छ। साथै अवैध रूपमा काटिएको सल्लाको काठ बरामद, नदीजन्य पदार्थको अवैध उत्खननमा प्रयोग भएका सवारी साधन नियन्त्रण तथा नौ नाल भरुवा बन्दुक बरामद गरी एक जनालाई पक्राउ गरिएको छ।

प्रहरीले समुदाय-प्रहरी साझेदारी कार्यक्रममार्फत विद्यालय, टोल र स्थानीय समुदायमा लागूऔषध, घरेलु हिंसा, साइबर अपराध तथा ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै अपराध न्यूनीकरणका प्रयासलाई निरन्तरता दिएको जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

असारमा १३ मुद्दा दर्ता २५ नाल भरुवा बन्दुक बरामद



❐ **काँक्रेविहार संवाददाता**

जाजरकोट, ३ साउन

जिल्ला प्रहरी कार्यालय जाजरकोटमा असार महिनामा विभिन्न प्रकृतिका १३ वटा मुद्दा दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको मासिक गतिविधि विवरण अनुसार जिल्लामा जघन्य तथा गम्भीर अपराधदेखि आत्महत्या, लागुऔषध र बाल यौन दुर्व्यवहारसम्मका घटना सम्बन्धी मुद्दा दर्ता भएका हुन् ।

प्रहरीका अनुसार असार महिनामा जघन्य तथा गम्भीर अपराध सम्बन्धी एक, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित एक, बाल यौन दुर्व्यवहारका दुई, आपराधिक लाभ सम्बन्धी एक, ज्यान मार्ने उद्योग सम्बन्धी एक, आत्महत्या दुरुत्साहनका दुई, झुन्डिएर आत्महत्या दुई, लागुऔषध सम्बन्धी दुई र भवितव्य ज्यान सम्बन्धी एक गरी कुल १३ वटा मुद्दा दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुधिरकुमार खड्काका अनुसार दर्ता भएका मुद्दामध्ये एउटा मुद्दा फछ्यौंट भइसकेको छ भने बाँकी मुद्दाको अनुसन्धान प्रक्रिया जारी रहेको छ ।

प्रहरीले घटनाको प्रकृति र गम्भीरता अनुसार अनुसन्धानलाई अघि बढाइरहेको जनाएको छ । यस अवधिमा प्रहरीले ठाडो उजुरीतर्फ पनि सक्रियता देखाएको जनाएको छ ।

असार महिनामा विभिन्न विषयमा ४२ वटा ठाडो उजुरी दर्ता भएका थिए । प्रहरीका अनुसार ती सबै उजुरीको सुनुवाइ तथा आवश्यक प्रक्रिया पूरा गरी फछ्यौंट गरिएको छ । त्यस्तै, घरेलु हिंसासम्बन्धी ११ वटा उजुरी परेकोमा सबै उजुरी समाधान गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घरेलु विवाद तथा हिंसाका घटनालाई मेलमिलाप, परामर्श तथा कानुनी प्रक्रियामार्फत सम्बोधन गरिएको प्रहरीको भनाइ छ । प्रहरीले असार महिनामा हराएका १६ जना महिला, पुरुष, बालबालिका तथा ज्येष्ठ नागरिकलाई खोजी गरी सकुशल फेला पारेको जनाएको छ ।

फेला परेका सबैलाई सम्बन्धित परिवारको जिम्मा लगाइएको प्रहरी निरीक्षक खड्काले जानकारी दिए । यसैबीच, जिल्लाका विभिन्न स्थानबाट असार महिनाभर २५ नाल भरुवा बन्दुक बरामद गरिएको छ ।

अवैध रूपमा राखिएका हतियार नियन्त्रण गर्ने अभियान अन्तर्गत प्रहरीले जिल्लाका विभिन्न स्थानीय तहबाट ती हतियार बरामद गरेको हो ।

प्रहरीका अनुसार सबैभन्दा बढी बारेकोट गाउँपालिकाबाट १० नाल भरुवा बन्दुक बरामद गरिएको छ । त्यसैगरी छेडागाड नगरपालिका, कुशे गाउँपालिका, शिवालय गाउँपालिका, नलगाड नगरपालिका र भेरी नगरपालिकालगायतका क्षेत्रबाट थप १५ नाल भरुवा बन्दुक बरामद गरिएको हो ।

अवैध हतियार नियन्त्रण, अपराध न्यूनीकरण र समुदायमा सुरक्षा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रहरीले नियमित निगरानी तथा कारबाही अभियान सञ्चालन गर्दै आएको जनाएको छ ।

प्रहरीले असार महिनामा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रमलाई समेत निरन्तरता दिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार एक महिनाको अवधिमा ८८ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् । ती कार्यक्रमबाट चार हजार एक सय १३ जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

लागुऔषध नियन्त्रण, महिला तथा बालबालिका सुरक्षा सम्बन्धी सचेतना, घरेलु हिंसा न्यूनीकरण, साइबर अपराध, आत्महत्या रोकथाम तथा कानुनी जानकारी लगायत विषयमा समुदाय, विद्यालय र विभिन्न समूहसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयले अपराध नियन्त्रणसँगै नागरिकसँगको सहकार्यलाई प्राथमिकतामा राखेर सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयास जारी राखेको जनाएको छ ।

नारायणगढ-मुग्लिन सडकमा ओभरटेक नियन्त्रण गर्न प्रशासनको कडाइ

❐ **काँक्रेविहार संवाददाता**

चितवन, ३ साउन

वर्षायाममा सडक खुलेलगत्तै हतारमा सवारीसाधन ओभरटेक गर्ने प्रवृत्तिका कारण नारायणगढ-मुग्लिन सडकमा दुर्घटना र सवारीजाम बढ्न थालेपछि चितवन प्रशासनले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

आइतवार बिहान नारायणगढ-मुग्लिन सडकखण्डमा बसले ट्रकलाई ओभरटेक गर्ने क्रममा तीनवटा सवारीसाधन एकापसमा ठोक्किँदा ३० जना घाइते भएका थिए । दुर्घटनापछि केही समय सवारी आवागमनसमेत अवरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले मुग्लिनतर्फ गइरहेको बसले ट्रकलाई ओभरटेक गर्दा दुर्घटना भएको बताए । उनका अनुसार ओभरटेक नै सडक दुर्घटना र सवारीजामको प्रमुख कारण बन्दै गएको छ । उनले ओभरटेकका कारण दुर्घटनाको जोखिम बढ्नुका साथै लामो सवारीजाम हुने, एम्बुलेन्सलगायत अत्यावश्यक सवारी साधनलाई बाटो बनाउन कठिन हुने र दुर्घटनामा घाइते भएकाको उद्धारमा समेत ढिलाइ हुने गरेको बताए ।



“आइतवार बिहानको दुर्घटनामा पनि सवारीजामका कारण उद्धार कार्य प्रभावित भयो”, उनले भने ।

बाढी-पहिरोको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले शनिबार राति १० बजेदेखि नारायणगढ-मुग्लिन सडक र चितवन क्षेत्रमा पर्ने पृथ्वी राजमार्गमा सवारी सञ्चालन अस्थायी रूपमा रोकेको थियो । बिहान ५:३० बजे सडक खुलेपछि चालकले हतारमा ओभरटेक गर्दा दुर्घटना र सवारीजाम भएको प्रशासनको भनाइ छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले ट्राफिक नियमको पालना गरे दुर्घटना र सवारीजाम दुवै उल्लेख्य रूपमा घटाउन सकिने बताए । उनले ट्राफिक नियमको पालनाबाट चालक र यात्रु दुवैले प्रत्यक्ष लाभ पाउने उल्लेख गरे । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वर्षायाममा बाढी र पहिरोको उच्च जोखिमका कारण रातको समयमा सवारी सञ्चालनमा रोक लगाउनु बाध्यता रहेको बताउँदै सडक खुलेपछि आआफ्नो लेनमै सवारी चलाउन र ओभरटेक नगर्न चालकलाई आग्रह गरे । उनले सुरक्षित र सहज यातायात सञ्चालनका लागि प्रशासनसँगै चालक र यात्रुको पनि समान सहयोग आवश्यक रहेको बताए ।

उनले ट्राफिक नियम उल्लङ्घन गर्ने चालकविरुद्ध कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिँदै सबैलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरे ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/०४

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री दर्शना बम** धनी रहेको, **दर्ता नम्बर** ५८६७/०७६/०७७ बाट **वीरेन्द्रनगर-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **पचाल कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/०४

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सानिक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री निराजन बम** धनी रहेको, **दर्ता नम्बर** ११०२४/०८०/०८१ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **बिजी इन्टरटेन्मेन्ट मिडिया हाउस** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)